बैठक संख्या ०२-०८१।८२

आज मिति २०८१।०५।०५ गतेका दिन यस सोलीझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यू. को अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री निर्मल राना | ( गाउँपालिका अध्यक्ष ) |
| २. | श्री सपना चौधरी राना | ( गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री प्यारेलाल राना | ( १ नं. वडा अध्यक्ष) |
| ४. | श्री आशाराम राना | ( २ नं. वडा अध्यक्ष) |
| ५. | श्री टिकाराम डगौरा | (३ नं. वडा अध्यक्ष) |
| ६. | श्री बहादुर राना | ( ४ नं. वडा अध्यक्ष) |
| ७. | श्री पहल बहादुर थापा | ( ५ नं. वडा अध्यक्ष) |
| ८. | श्री हर्कनारायण जोशी | ( ६ नं. वडा अध्यक्ष) |
| ९. | श्री वसमती राना | ( गाउँकार्यपालिका सदस्य) |
| १०. | श्री दिलमाया चौधरी | ( गाउँकार्यपालिका सदस्य) |
| ११. | श्री विन्दु देवि तिरुवा | ( गाउँकार्यपालिका सदस्य) |
| १२. | श्री शान्ती सार्की | ( गाउँकार्यपालिका सदस्य) |
| १३. | श्री गीता देवि कोली | ( गाउँकार्यपालिका सदस्य) |
| १४. | श्री दुर्गा देवि कामी | ( गाउँकार्यपालिका सदस्य) |
| १५. | श्री राज बहादुर सार्की | ( सदस्य सचिव) |

**बैठक संख्याः ०२ आ.व.२०८१।०८२ मितिः २०८१।०५।०५ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं. १**

नेपाल सरकारबाट स्वीकृत नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्रि सम्बन्धी मापदण्ड २०७७, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्रि सम्बन्धी कार्यविधि अन्य प्रचलित कानून तथा गाउँपालिकाको स्वीकृत प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिणामका आधारमा यस गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने दोदा नदीको वडा नं ४ र ५ को छुट्टाछुट्टै दुईवटा खण्ड तोकी विद्युतीय खरिद माध्यमबाट नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्रि ( रोयल्टी संकलन) कार्यको ठेक्का/बोलपत्र आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. २**

यस लालझाडी गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषद्को स्वीकृति भै मुआव्जा निर्धारण समितिबाट मूल्याङ्कन भएको दररेट अनुसार भुक्तानी हुने गरी जग्गाधनी श्री घुम्ना रानाको कि नं १०९९ को सम्पूर्ण क्षेत्रफल १५४७ वर्गमीटर जग्गा स शुल्क प्राप्त गर्ने तथा प्रशासकीय भवन निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक बजेट माग गर्नुका साथै यस अघि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) समय सान्दर्भिक नरहेकोले त्यसलाई अध्यावधिक तथा परिमार्जन गरी भवन निर्माण ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ३**

यस लालझाडी गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धिका लागि आफ्नो क्षेत्रभित्र पर्ने जग्गा तथा तालतलैया सार्वजनिक सूचना मार्फत भाडामा लगाउने ठेक्का आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ४**

यस लालझाडी गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धिका लागि आफ्नो क्षेत्रभित्र रोड शेषकर तथा कबाडी कर संकलन सम्बन्धी ठेक्का आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ५**

यस लालझाडी गाउँपालिकाको जग्गा नापजाँचकार्यका लागि भर्ना गरिएका चारै जनाअमिनहरुलाई राष्ट्रिय भूमि आयोग गठन भै कार्य सुचारु नहुन्जेल सम्म पालिकाको जग्गा नापजाँच सम्बन्धी आन्तरिक कामकाज गर्ने गरी निरन्तरता दिने/कामकाजमा लगाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ६**

सुदूरपश्चिम प्रदेश सरकारबाट समपुरक अनुदानका रुपमा यस लालझाडी गाउँपालिकाको बसपार्क निर्माणका लागि बजेट विनियोजन भै आएकोले सोको निर्माण तथा संचालनार्थ केही जग्गा अप्रयाप्त हुने देखिएको साविक अस्थायी प्रहरी चौकी शंकरपुरको नाममा फिल्डबुक कायम भएको जग्गाको भोगाधिकार प्राप्तिका लागि कार्य प्रक्रिया अगाडि बढाउने साथै यस अघि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) समय सान्दर्भिक नरहेकोले त्यसलाई अध्यावधिक तथा परिमार्जन गरी विद्युतीय बोलपत्र मार्फत ठेक्का आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

CamScanner